आवश्यक पर्ने न्यूनतम क्यालोरीको हिसाब गरी प्रति क्यालोरी खर्चको लागतको आधारमा खाद्य गरिबी रेखा (Food Poverty Line) निर्धारण गरिन्छ। यहि खाद्य गरिबी रेखाको आधारमा खाद्य गरिबीको रेखाको नजिक रहेका घरपरिवारले गरेका गैर खाद्य खर्चको आधारमा गैर खाद्य गरिबीको रेखा (Non-Food Poverty Line) निर्धारण गरिन्छ। यसरी निर्धारण गरिएको खाद्य र गैर खाद्य खर्चको लागतलाई जोडेर गरिबीको रेखा (Poverty Line) निर्धारण गरिएको छ। यस गरिबीको रेखाले आधारभूत आवश्यकता जुटाउन आवश्यक पर्ने न्यूनतम खर्चको लागत रकम उपलब्ध गराउँदछ। यसप्रकार कुल पारिवारिक उपभोग खर्च उक्त रेखाभन्दा कम हुने अर्थात् आधारभूत आवश्यकताको रकम भन्दा कम खर्च गरेका घरपरिवारलाई गरिब घरपरिवार मानिएको छ। औसत परिवारको संरचनामा बालबालिका, किशोर किशोरी र वयस्क महिला पुरुषको लागि आवश्यक औसत क्यालोरीको आधारमा हिसाब गर्दा २०७९/८० मा सालाखाला प्रतिव्यक्ति प्रतिदिन २,२३६ किलोक्यालोरी आवश्यक पर्ने देखिएको छ।

यस अघिको सर्वेक्षणको समयमा रहेको प्रशासनिक विभाजन तथा विश्लेषणात्मक क्षेत्रमा गरिएको परिवर्तन, लामो समय पश्चात घरपरिवारको उपभोगको प्रवृतिमा आएको परिवर्तन र हालको संघीय संरचना अनुसारको गरिबी तथ्याङ्क उपलब्ध गराउने गरी तयार पारिएको १५ ओटा विश्लेषणात्मक क्षेत्र जस्ता कारणबाट पहिलेको गरिबी दर अद्यावधिक नगरी नयाँ गरिबीको रेखा निर्धारण गरिएको छ। यसर्थ, यस पटकको गरिबीको रेखालाई राष्ट्रिय तथा प्रादेशिकरूपमा गरिबी तथ्याङ्कको आधार वर्षको रूपमा लिन सकिन्छ। यस किसिमको गरिबी रेखाको परिमार्जनले नेपाली जनताको समृद्दिको चाहना तथा परिवर्तनशील वास्तविकतासँगै समावेशी तथा लक्षित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको आधार प्रदान गर्दछ।

यस संक्षिप्त पुस्तिकामा सर्वेक्षणको विधि, राष्ट्रिय तथा प्रादेशिक स्तरको मुख्य मुख्य नतिजा र केहि सूचकहरूमात्र समावेश गरिएको छ। अन्तर्राष्ट्रिय असल अभ्यास अनुरुप र नीतिगत छलफलहरुमा सर्वेक्षणका नतिजाहरु समयमा नै उपलब्ध गराउने उद्देश्यले यस संक्षिप्त प्रतिवेदन सर्वेक्षण समाप्त भएको ६ महिनाभित्रै तयार पारिएको छ। सर्वेक्षणको मुख्य नतिजा (Statistical Report) र प्राविधिक प्रतिवेदन (Technical Report) यथाशिघ्र प्रकाशन गर्ने कार्यक्रम रहेको छ।

सर्वेक्षणको छनोट विधि

यस चौथो जीवनस्तर सर्वेक्षणमा सातै प्रदेशको शहरी तथा ग्रामीण क्षेत्र र काठमाडौँ उपत्यका शहरी क्षेत्र गरी १५ ओटा विश्लेषणात्मक क्षेत्र (Analytical Domain) सम्मको नतिजा प्राप्त हुने गरी नमूना छनोट विधि अवलम्बन गरिएको छ। भर्खरै सम्पन्न भएको राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त घरपरिवारको सूचीको आधारमा नमूना छनोट कार्य गरिएको थियो। घरपरिवारको खर्चमा हुन सक्ने मौसमी प्रभावलाई ध्यानमा राख्दै सुख्खा (Dry Season), वर्षा (Rainy Season) र हिउँद (Winter Season) गरी ३ वटा मौसममा विभाजन गरी वर्षभरि नै तथ्याङ्क संकलन कार्य सञ्चालन गरिएको थियो। यस सर्वेक्षणमा दुई चरणयुक्त नमूनाछनोट (Two Stage Stratified Random Sampling) विधि प्रयोग गरी देशभरबाट ८०० वटा गणना क्षेत्रहरू (Enumeration Area) छनोट गरिएको थियो। प्रत्येक विश्लेषणात्मक क्षेत्रबाट

घरपरिवार संख्याको आधारमा ठूला गणना क्षेत्रको सोही अनुसार छानिने सम्भावना बढी हुनेगरी (Probability Proportional to Size) छानिएको थियो । छानिएका गणना क्षेत्रहरूबाट सम्पूर्ण घरपरिवारको स्थलगतरूपमा सूची तयार गरी घरपरिवारमा रहेका जम्मा परिवार संख्याको आधारमा Implicit Stratification गर्नुका साथै सबै घरपरिवारको छनोट हुने संभावना बराबर (Equal Probability) हुने गरी १२ वटा घरपरिवार छनोट गरिएको थियो । यसरी प्रत्येक गणना क्षेत्रबाट १२ ओटा घरपरिवार छनोट गरी जम्मा ९,६०० घरपरिवारबाट विवरण संकलन गरिएको थियो ।

तालिका १: विश्लेषण क्षेत्रअनुसार छानिएका गणना क्षेत्रहरू

विश्लेषणका क्षेत्रहरू	**गणना क्षेत्र संख्या**	**गणना गरिएको घरपरिवार संख्या**
कोशी प्रदेश शहरी क्षेत्र	६४	७६८
कोशी प्रदेश ग्रामीण क्षेत्र	५४	६४८
मधेश प्रदेश शहरी क्षेत्र	६५	७८०
मधेश प्रदेश ग्रामीण क्षेत्र	५१	६१२
काठमाडौँ उपत्यका शहरी क्षेत्र	६४	७६८
बागमती प्रदेश शहरी क्षेत्र (काठमाडौँ उपत्यकाबाहेक)	५५	६६०
बागमती प्रदेश ग्रामीण क्षेत्र	५०	६००
गण्डकी प्रदेश शहरी क्षेत्र	५६	६७२
गण्डकी प्रदेश ग्रामीण क्षेत्र	४४	५२८
लुम्बिनी प्रदेश शहरी क्षेत्र	६२	७४४
लुम्बिनी प्रदेश ग्रामीण क्षेत्र	५६	६७२
कर्णाली प्रदेश शहरी क्षेत्र	४३	५१६
कर्णाली प्रदेश ग्रामीण क्षेत्र	४१	४९२
सुदूरपश्चिम प्रदेश शहरी क्षेत्र	५२	६२४
सुदूरपश्चिम प्रदेश ग्रामीण क्षेत्र	४३	५१६
नेपाल	८००	९६००

तथ्याङ्क संकलन कार्य तथा संकलित तथ्याङ्कको गुणस्तर कायम राख्न केन्द्र तथा जिल्लास्तरबाट नियमितरूपमा स्थलगत सुपरिवेक्षण गरिएको थियो । यस पटकको सर्वेक्षणमा स्थलगत सुपरिवेक्षणको साथै घरपरिवार सूचीकरणबाट प्राप्त विवरणको अनुगमन तथा मूल्याङ्कन गर्न एउटा ड्यासबोड र घरपरिवारबाट विवरण संकलन गरेकै समय (Real Time) मा केन्द्रबाट भर्चुअल अनुगमन तथा मूल्याङ्कनको लागि अर्को ड्यासबोड गरी दुई किसिमका ड्यासबोडहरु प्रयोगमा ल्याईएको थियो । यस्ता अनुगमनका सम्यन्त्रको उपयोगबाट तथ्याङ्क संकलनको समयमा देखिएका समस्याहरूलाई तत्काल सम्बोधन गरी तथ्याङ्कको गुणस्तर अभिबृध्दि (Quality Enhance) गरिएको थियो ।

सर्वेक्षणको सन्दर्भ समय

यस सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन कार्य २०७९/८० मा वर्षैभरि नै गरिएको थियो । छानिएका घरपरिवारहरूसँग अन्तर्वार्ता लिँदा पारिवारिक विवरणअन्तर्गतका कृषि, विप्रेषण, आवासीय सुविधामा भएका खर्चहरू, सेवा सुविधामा पहुँच र उपयोग जस्ता विषयहरूसँग सम्बन्धित तथ्याङ्कको हकमा अन्तर्वार्ता मितिभन्दा १२ महिना अगाडिसम्मका विवरणहरू सङ्कलन गरिएको छ । यस अगाडिका सर्वेक्षणहरूमा घरपरिवारले उपभोग गरेको खाद्य सामग्रीको विवरण संकलन गर्दा अन्तरवार्ताको दिनको ३० दिन र ७ दिन अगाडिसम्मका विवरण संकलन गरिएकोमा यस पटक अन्तराष्ट्रिय अभ्यास अनुसार नै गत ७ दिनको मात्र विवरण संकलन गरिएको छ । तर गैर खाद्य खर्चको हकमा अन्तरवार्ताको दिनको ३० दिन र १२ महिना अगाडिसम्मका विवरण संकलन गरिएको छ ।

प्रश्नावली

विश्व बैंकले गरिबी मापनको लागि तयार पारेको पारिवारिक प्रश्नावली अनुसार नै यस अघिका सर्वेक्षणहरू संचालन गरिएको थियो भने लामो समयको अन्तरालमा घरपरिवारको उपभोग प्रवृत्तिमा आएको परिवर्तनसमेतलाई मापन गर्न यस अगाडिका सर्वेक्षणमा भन्दा थप केहि खाद्य तथा गैर खाद्य वस्तुहरू समावेश गरिएको छ । यस सर्वेक्षणमा पहिलो पटक घरबाहिर उपभोग गरिएको खाद्य खर्चसम्बन्धी विवरण व्यक्तिगत रूपमा संकलन गरिएको छ । जसले गर्दा खाद्यमा भएको खर्चलाई अझ विश्वसनीय बनाउन सहयोग पुग्ने विश्वास लिईएको छ । सर्वेक्षणमा समावेश गरिएका वस्तु तथा सेवालाई खर्चको अन्तर्राष्ट्रिय वर्गिकरण Classification of Individual Consumption According to Purpose (COICOP) सँग तादम्यता ल्याउने प्रयास गरिएको छ ।

गरिबी मापन र गरिबीको रेखा

नेपालमा गरिबी मापन गर्न अपनाएको विधि र जीवनस्तर सर्वेक्षण चौथोबाट प्राप्त केही नतिजाहरू यहाँ प्रस्तुत गरिएको छ ।

घरपरिवारको कल्याणकारी मापनको निर्माण (Constructing a Welfare Aggregate)

वार्षिकरूपमा घरपरिवारले गरेको खर्चलाई खाद्य उपभोग खर्च र गैर खाद्य उपभोग खर्चमा विभाजन गरी घरपरिवारको कल्याणकारी मापनको (Welfare Aggregate) आधारको रुपमा लिने गरिन्छ ।

१. खाद्य उपभोग खर्चको मापन (Food Consumption Aggregate): नेपाल जीवनस्तर सर्वेक्षण चौथोमा अन्तरवार्ता दिनको ७ दिन अगाडिसम्म प्रत्येक घरपरिवारले उपभोग गरेको १०० भन्दा बढी प्रकारका खाद्य वस्तुहरुको परिमाण र खर्चको रकम प्रत्यक्ष अन्तरवार्ता विधि मार्फत संकलन गरिएको छ । प्रत्येक खाद्य वस्तुको उपभोगको परिमाण र खर्च रकमसम्बन्धी विवरण आफ्नै उत्पादन, बजारबाट खरिद र जिन्सीमा प्राप्त गरी तीन शिर्षकमा संकलन गरिएको छ । १०० भन्दा बढी विभिन्न प्रकार खाद्य वस्तुहरुलाई खाद्यान्न, दाल तथा गेडागुडी, माछा र मासु, तरकारी, फलफूल, घ्यू तेल जस्ता विभिन्न १४ ओटा शीर्षकअन्तर्गत समावेश गरिएको

छ । यस पटक घरबाहिर गरिएको खाद्य उपभोग खर्चसमेत समावेश गरिएको छ । यसरी गत ७ दिनभित्र घरपरिवारले घर तथा घर बाहिर उपभोग गरेको साप्ताहिक खर्च रकमलाई वार्षिकरुपमा हिसाब गरी घरपरिवारको वार्षिक खाद्य उपभोग खर्च तयार पारिएको छ।

२. **गैर खाद्य उपभोग खर्चको मापन (Non-Food Consumption Aggregate):** नेपाल जीवनस्तर सर्वेक्षण चौथोमा अन्तरवार्ता दिनको ३० दिन र १२ महिना अगाडिसम्म प्रत्येक घरपरिवारमा ९० भन्दा बढी प्रकारका गैर खाद्य वस्तुहरुको उपभोगको परिमाण र खर्च रकम प्रत्यक्ष अन्तरवार्ता विधिमार्फत संकलन गरिएको छ । गैर खाद्य वस्तुहरुको उपभोगको विवरणलाई टिकाउ नहुने सामग्रीहरूबापतको खर्च (Expenditure on Non-food non-durables items), घरायसी उपभोगको खर्च (Cost of household utilities), टिकाउ हुने सामग्रीहरूबापतको उपयोग खर्च (Consumption flow from durable goods) र आवासीय सुविधाबापतको उपयोग खर्च (Cost of housing services) गरी चार किसिमबाट संकलन गरिएको छ । यसरी प्राप्त भएको घरपरिवारको खर्चको रकमलाई वार्षिकरुपमा हिसाब गरी घरपरिवारको वार्षिक गैर खाद्य उपभोग खर्च तयार पारिएको छ । यहाँ टिकाउ हुने सामग्रीहरू वापतको उपयोग खर्च अनुमान गर्दा हाल प्रचलनमा रहेको अन्तर्राष्ट्रिय असल अभ्यासलाई अवलम्बन गरिएको छ।

यसरी तयार पारिएको घरपरिवारको वार्षिक खाद्य र गैर खाद्य खर्चलाई परिवारको आकारले भाग गरी प्रति व्यक्ति वार्षिक खर्च निकालिएको छ। घरायसी खर्चको उपयोगको मान निकाल्दा विश्लेषणको तह र मौसमीरूपमा हुने मूल्य परिवर्तनलाई समेत समायोजन गरिएको छ। यसरी मूल्यमा प्राप्त भएको वार्षिक प्रतिव्यक्ति खर्चलाई घरपरिवारको कल्याणकारी मापन (Welfare Aggregate) को रुपमा प्रयोग गरिएको छ। विश्लेषणात्मक क्षेत्र र समयलाई आधारमानी समायोजन गरिएको प्रतिव्यक्ति उपभोग खर्च ६६ प्रतिशतले बृद्धि भई वास्तविक मूल्यमा वि.सं. २०६६/६७ मा ७५ हजार ९ सय २ रहेकोमा हाल १ लाख २६ हजार १ सय ७२ रुपैयाँ हुन आएको देखिन्छ। सोही अवधिमा गैर खाद्य खर्चको अंश ३८ प्रतिशतबाट बृद्धि भई ४७ प्रतिशत पुगेको देखिन्छ । त्यसैगरी खाद्य खर्चहरुमा पनि यस अघिको सर्वेक्षणमा खाद्यान्नमा भएको खर्चभन्दा बढी पोषणयुक्त खाद्यवस्तुहरु जस्तै: मासु, फलफूल, सुख्खा फलफूल जस्ता महँगा खाद्य वस्तुहरुमा रूपान्तरण भएको देखिन्छ।

विश्लेषणात्मक क्षेत्रअनुसार औसत प्रतिव्यक्ति वार्षिक उपभोग खर्च (प्रचलित मूल्यमा) सबैभन्दा बढी काठमाडौँ उपत्यका शहरी क्षेत्र मा २ लाख ६३ हजार ३ सय १८ रुपैयाँ रहेको छ भने सबैभन्दा कम मधेश प्रदेशको ग्रामीण क्षेत्रमा ७१ हजार ८ सय २८ रुपैयाँ रहेको छ। नेपालको प्रतिव्यक्ति प्रति वर्ष उपभोग खर्च १ लाख ३० हजार ८ सय ५३ रुपैयाँ रहेको छ भने कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको शहरी क्षेत्रमा प्रतिव्यक्ति प्रति वर्ष उपभोग खर्च उक्त खर्चभन्दा बढी रहेको पाईएको छ।

चित्र १: विश्लेषणात्मक क्षेत्रअनुसार औसत प्रतिव्यक्ति वार्षिक उपभोग खर्च (प्रचलित मूल्यमा)



तालिका २: विश्लेणात्मक क्षेत्र र पञ्चमकअनुसार औसत प्रतिव्यक्ति वार्षिक उपभोग खर्च (प्रचलित मूल्यमा)

विश्लेषणात्मक क्षेत्र	पहिलो पञ्चमक (सबैभन्दा गरीब)	दोस्रो	तेस्रो	चौथो	पाँचौ पञ्चमक (सबैभन्दा धनी)	पाँचौ र पहिलो पञ्चमक अनुपात
कोशी शहरी क्षेत्र	६०९६३	९१९४४	११८०७७	१५१२२४	२६४०११	४.००
कोशी ग्रामीण क्षेत्र	४४००१	६६७३९	८६३२२	११२५४४	२०३९२१	४.६३
मधेश प्रदेश शहरी क्षेत्र	४२९३६	५९६११	७८३२४	९८९५०	१८१५९५	४.२३
मधेश प्रदेश ग्रामीण क्षेत्र	३६९२१	५३२५९	६५२३८	८२६७७	१२१५०५	३.२९
काठमाडौँ उपत्यका शहरी क्षेत्र	११७११५	१७२२२९	२२३४४९	२९१३११	५१५२३०	४.४०
बागमती प्रदेश शहरी क्षेत्र (काठमाडौँ उपत्यकाबाहेक)	६७४०२	१०४७१३	१४०४५८	१९०५९१	३४३४८४	५.१०
बागमती प्रदेश ग्रामीण क्षेत्र	४५६०६	६९४५९	९१७९६	१२४८५३	२२७०७६	४.९८
गण्डकी प्रदेश शहरी क्षेत्र	७५९७८	११४७२३	१५१०५६	१९६५७४	३४४८६७	४.५४
गण्डकी प्रदेश ग्रामीण क्षेत्र	६०५६२	८८४२४	११३१०२	१४१२०९	२१८३५७	३.६१
लुम्बिनी प्रदेश शहरी क्षेत्र	५०६८८	८०१८६	११००२६	१५२९४९	२७०८२७	५.३४
लुम्बिनी प्रदेश ग्रामीण क्षेत्र	४५६८८	६५५२२	८४३९०	१०७७८१	१७४०७१	३.८१
कर्णाली प्रदेश शहरी क्षेत्र	५०५७०	७०५४३	८७८१७	११६०९२	२२७१९७	४.४९
कर्णाली प्रदेश ग्रामीण क्षेत्र	४१०१२	५९३४७	७५२३२	९६०१०	१४४८९८	३.५३
सुदूरपश्चिम प्रदेश शहरी क्षेत्र	४७५०६	६८३६७	८५९६७	११०९९३	१९६९९२	४.१५
सुदूरपश्चिम प्रदेश ग्रामीण क्षेत्र	३८६४९	५४९६४	६७४७१	८१००३	१२३०१२	३.१८

यहाँ सर्वेक्षण समयको प्रचलित मूल्यमा औसत उपभोग खर्चहरु (मौसम र विश्लेषणात्मक क्षेत्रअनुसार समायोजन नगरिएको)।

प्रचलित मूल्यमा प्रतिव्यक्ति उपभोग खर्चलाई सबैभन्दा कम उपभोग खर्च गर्ने परिवारबाट शुरु गरेर सबैभन्दा धेरै खर्च गर्ने परिवारको क्रममा राख्दा उपभोग खर्चको हिसाबले गरिबदेखि धनी परिवारको श्रृङ्खला बन्दछ। यसपछि यो श्रृङ्खलाबद्ध परिवारलाई बराबर सङ्ख्यामा विभाजन गरी दश वा पाँच समूह बनाउने गरिन्छ। यसले उपभोग खर्चमा आधारित गरिब देखि धनीको दश (दश–दश प्रतिशतको) वा पाँच (बीस–बीस प्रतिशतको) समूह बन्दछ। पहिलोलाई उपभोग–खर्चको दशमक (Decile) र दोस्रोलाई पञ्चमक (Quintile) पनि भन्ने गरिन्छ। प्रतिव्यक्ति प्रतिवर्ष सर्वेक्षण समयको प्रचलित मूल्यमा औसत उपभोग खर्चहरु हरेक विश्लेषणात्मक क्षेत्र र पञ्चमक अनुसार तालिका २ मा प्रस्तुत गरिएको छ। सबैभन्दा बढी खर्च गर्ने पाँचौं पञ्चमक र सबैभन्दा कम खर्च गर्ने पहिलो पञ्चमकका व्यक्तिहरुले गरेको खर्चको अनुपात यसै तालिकाको अन्तिम लहरमा दिइएको छ।

यस अनुसार सबैभन्दा बढी खर्च अनुपात लुम्बिनी प्रदेशको शहरी क्षेत्र र काठमाण्डौं उपत्यकाको शहरी क्षेत्रमा पाँच गुणाभन्दा बढी र सबैभन्दा कम अनुपात सुदूरपश्चिम प्रदेशको ग्रामीण क्षेत्रमा तीन गुणाभन्दा बढी (३.१८) देखिएको छ। यस तालिकामा प्रस्तुत गरिएका रकमहरुमा मूल्य समायोजन गरिएको छैन।

तालिका ३: विश्लेषणात्मक क्षेत्र र पञ्चमकअनुसार प्रचलित मूल्यमा औसत वार्षिक प्रतिव्यक्ति उपभोग खर्चमा खाद्य उपभोगको हिस्सा (प्रतिशतमा)

विश्लेषणात्मक क्षेत्र	पहिलो पञ्चमक	दोस्रो	तेस्रो	चौथो	पाँचौ पञ्चमक
कोशी प्रदेश शहरी क्षेत्र	६०	५४	४९	४५	३८
कोशी प्रदेश ग्रामीण क्षेत्र	६५	६३	५९	५५	५१
मधेश प्रदेश शहरी क्षेत्र	६३	५९	६०	५५	४९
मधेश प्रदेश ग्रामीण क्षेत्र	६७	६१	५९	५९	५४
काठमाडौँ उपत्यका शहरी क्षेत्र	५०	४२	३६	३५	२८
बागमती प्रदेश शहरी क्षेत्र (काठमाडौँ उपत्यकाबाहेक)	५८	५७	४८	४४	३७
बागमती प्रदेश ग्रामीण क्षेत्र	६५	६४	६२	६१	५६
गण्डकी प्रदेश शहरी क्षेत्र	६१	५८	५१	४६	३६
गण्डकी प्रदेश ग्रामीण क्षेत्र	६५	६५	६४	६१	५६
लुम्बिनी प्रदेश शहरी क्षेत्र	५७	५४	४६	४१	३५
लुम्बिनी प्रदेश ग्रामीण क्षेत्र	५८	५८	५५	५१	४९
कर्णाली प्रदेश शहरी क्षेत्र	६१	५७	५७	५५	४४
कर्णाली प्रदेश ग्रामीण क्षेत्र	५९	६२	६०	६३	५९
सुदूरपश्चिम प्रदेश शहरी क्षेत्र	५८	५०	५१	४५	३९
सुदूरपश्चिम प्रदेश ग्रामीण क्षेत्र	५८	६१	५८	५६	५५

प्रत्येक विश्लेषणात्मक क्षेत्रमा औसत कुल खर्च बढ्दै जाँदा खाद्य खर्चको प्रतिशत घट्दै गएको देखिन्छ। खाद्य उपभोग खर्चको हिसाबले तुलनात्मकरुपमा सबैभन्दा बढी गरिब मानिने प्रथम पञ्चमक समूहमा रहेका व्यक्तिहरुको औसत खाद्य वस्तुमा भएको खर्चलाई १५ ओटा विश्लेषणात्मक क्षेत्रमा प्रतिव्यक्ति प्रतिवर्ष उपभोगमा खर्चको अनुपातमा खाद्य उपभोग खर्चको अवस्था हेर्दा, पहिलो २० प्रतिशत जनसंख्याको लागि, काठमाडौं उपत्यका शहरी क्षेत्र (५० प्रतिशत) बाहेक सबै क्षेत्रमा जम्मा खर्चको कम्तीमा ५७ प्रतिशत खाद्य वस्तुहरूले ओगट्छ। यसैगरी ग्रामीण क्षेत्रहरुको बीच तुलना गर्दा पाँचौं पञ्चमक (सबैभन्दा धनी २० प्रतिशत) का व्यक्तिहरुले कुल खर्चको आधा भन्दा बढी खाद्यमा खर्च गरेको देखिन्छ। सबभन्दा धनी मानिने मध्ये खाद्यमा सबभन्दा कम हिस्सा खर्च गर्ने व्यक्तिहरु काठमाण्डौं उपत्यका शहरी क्षेत्रमा रहेका छन् जसले कुल खर्चको २८ प्रतिशत मात्र खाद्य वस्तुमा खर्च गर्दछन्। यो प्रतिशत ग्रामीण क्षेत्रका सबभन्दा धनी व्यक्तिहरुले खर्च गर्ने भन्दा धेरै न्युन रहेको देखिन्छ।

चित्र २: प्रतिव्यक्ति प्रति वर्ष समायोजित उपभोग खर्चमा खाद्य तथा गैर खाद्य खर्चको अनुपात (प्रतिशतमा)



यहाँ २०६६/६७ को उपभोग खर्चलाई २०७९/८० को मूल्यमा प्रस्तुत गरिएको।

घरपरिवारको खाद्य तथा गैर खाद्य वस्तुहरूमा प्रतिव्यक्ति प्रति वर्ष उपभोग खर्च हेर्दा जीवनस्तर सर्वेक्षण तेस्रोमा कुल उपभोग खर्चको ३८ प्रतिशत गैर खाद्य खर्च र ६२ प्रतिशत खाद्य खर्च रहेकोमा हाल गैर खाद्य खर्चमा उल्लेख्य बृद्धि भई गैर खाद्य खर्चको अंश ४७ प्रतिशत पुगेको छ। यसैगरी खाद्य खर्चको अंशमा गिरावट भई ५३ प्रतिशत पुगेको देखिन्छ।

खाद्य गरिबीको रेखा

सापेक्ष गरिबीमा रहेको समूहको पहिचान र प्रतिव्यक्ति प्रतिदिन आवश्यक किलोक्यालोरीलाई आधार मानी खाद्य गरिबीको रेखा निर्धारण गरिएको हुन्छ।

खाद्य गरिबीको रेखा निर्धारण गर्न यस अघिका सर्वेक्षणहरुमा घरपरिवारले खाद्य खर्चमा गरेको खर्चलाई दशमक समूहमा विभाजन गरी दोस्रो देखि पाँचौं दशमकसम्म (Second to Fifth Decile) को समूहलाई सापेक्ष गरिब समूह (Relatively Poor Group) मानिएको थियो भने यसपटकको सर्वेक्षणमा घरपरिवारको खाद्य खर्चमा भएको खर्च विश्लेषण गर्दा यस अघिको सर्वेक्षणमा चौथो दशमकमा भएको घरपरिवारको खर्च हालको पहिलो दशमकमा परेका घरपरिवारसँग बराबर हुन आएको देखिन्छ। घरपरिवारको खर्चमा भएको अत्याधिक बृद्धिले गर्दा उपभोगको प्रवृत्तिमा परिवर्तन आएको अनुमान लगाउन सकिन्छ। जसले गर्दा यसपटक दोस्रो र तेस्रो दशमक समूह (Second to Third Decile) लाई सापेक्ष गरिबीको समूह मानिएको छ। यसका अतिरिक्त जीवनस्तर सर्वेक्षण तेस्रोमा ४० ओटा खाद्य वस्तुहरु समावेश भएको थियो भने हाल उक्त खाद्यवस्तुहरुको संख्या ७७ पुगेको छ।

कुनै व्यक्तिको आधारभूत खाद्य आवश्यकता निर्धारण गर्न सर्वप्रथम एक व्यक्तिलाई स्वस्थ्य र सक्रिय जीवनयापनका लागि प्रतिदिन आवश्यक पर्ने न्यूनतम क्यालोरीको हिसाव गर्नुपर्ने हुन्छ। परिवारमा रहेका बालबालिका, किशोर किशोरी, वयस्क महिला पुरुष र तिनको पेशा अनुसारको यथार्थ विवरण प्राप्त भएमा उमेर समूह र पेशा अनुसार आवश्यक औसत क्यालोरीको आधारमा हिसाव गरी प्रतिव्यक्ति प्रतिदिन आवश्यक पर्ने क्यालोरी निकाल्नुपर्ने हुन्छ। तर यस सर्वेक्षण

प्रयोजनका लागि सर्वेक्षणबाट प्राप्त जनसांख्यिक विवरण मात्र प्रयोग गरी उमेर समूह र लिङ्ग अनुसार प्रतिव्यक्ति हिसाव गर्दा २०७९/८० मा औसत २२३६ किलोक्यालोरी प्रतिदिन आवश्यक पर्ने देखिएको छ।

गरिबी विश्लेषणको एक महत्वपूर्ण पक्ष विगतका गरिबीका दरहरुसँग तुलनायोग्य हुने गरी विश्लेषण गर्नु हो। यसबाट गरिबी न्यूनीकरणका कार्यक्रमहरुको प्रभावकारिता प्रत्यक्षरूपले मूल्यांकन गर्न सकिने हुन्छ । सामान्यतया, यसप्रकारको तुलनायोग्य विश्लेषण गर्दा अपनाइने आधारभूत मान्यता सापेक्षिक गरिबले प्रयोग गर्ने खाद्य डालोमा परिवर्तन भएको छैन भन्ने मान्यता राखिएको हुन्छ । अर्थात् एउटै डालोलाई विभिन्न समयको बजारका आधारमा डालोको मूल्यांकन गरी परिवारको शुरुको अवस्थामा परिवर्तन आए नआएको हेर्न सकिन्छ। तर तेस्रो जीवनस्तर सर्वेक्षणदेखि हालसम्मको १२ वर्षको अवधिमा घरपरिवारले प्रयोग गर्ने आधारभूत खाद्य डालोको संरचनामा उल्लेखनीय रूपले परिवर्तन भएको पाइएको छ। यी दुई सर्वेक्षण अवधिमा सापेक्षिक गरिब समूहले प्रयोग गर्ने खाद्य डालोमा पर्ने वस्तुहरुको भार संरचना, प्राप्त क्यालोरी तथा खाद्य खर्चको हिस्सामा ब्यापक परिवर्तन भएको पाइएको छ। उक्त खाद्य डालोमा खास गरेर ताजा तथा सुख्खा फलफूल, माछामासु जस्ता खाद्यवस्तुको उपभोगमा बृद्धि भएको देखिन्छ । त्यसैगरी उक्त समूहको गैरखाद्य वस्तुहरुको खर्च संरचनामा समेत ब्यापक परिवर्तन भएको अनुमान गर्न सकिन्छ।

तालिका ४: प्रतिव्यक्ति प्रतिदिन क्यालोरी आवश्यकता र पारिवारिक संरचना, २०७९।८०

उमेर समूह	सिफारिस गरिएको क्यालोरी	औसत संख्या प्रति घरपरिवार	आवश्यक क्यालोरी
१ वर्षभन्दा मुनी	५३३	०.०६४	३५
१ – ३ वर्ष	१०६०	०.२०७	२१९
४ – ६ वर्ष	१३५०	०.२३४	३१६
७ – ९ वर्ष	१६९०	०.२३१	३९०
बालक १० – १२ वर्ष	२१९०	०.१२०	२६३
बालिका १० – १२ वर्ष	२०१०	०.११८	२३७
किशोर १३ – १५ वर्ष	२७५०	०.१२०	३३०
किशोरी १३ – १५ वर्ष	२३३०	०.११९	२७७
किशोर १६ – १७ वर्ष	३०२०	०.०७२	२१७
किशोरी १६ – १७ वर्ष	२४४०	०.०८६	२१०
पुरुष १८ वर्ष र माथि	२७३०	१.१६९	३१९१
महिला १८ वर्ष र माथि	२२३०	१.४५९	३२५४
औसत परिवार संख्या		३.९९९	
प्रति घरपरिवार औसत क्यालोरी			८९४१
प्रति ब्यक्ति प्रतिदिन क्यालोरी आवश्यकता			२२३६

व्यक्तिलाई प्रतिदिन आवश्यक पर्ने क्यालोरीको हिसाब गर्दा उमेर समूहलाई १ वर्ष भन्दा कम, १ देखि ३ वर्ष, ४ देखि ६ वर्ष, ७ देखि ९ वर्ष सम्मका बालबालिकालाई तोकिएको किलो क्यालोरी तथा १० देखि १२ वर्ष, १३ देखि १५ वर्ष, १६ देखि १७ वर्ष र १८ वर्षदेखि माथिका उमेर समूहमा रहेका व्यक्तिहरूलाई महिला र पुरूषअन्तर्गत आवश्यक क्यालोरी छुट्याई हिसाब गरिएको छ । सर्वेक्षणबाट प्राप्त घरपरिवारमा रहेका उमेर समूहअनुसारको जनसंख्याले उक्त समूहमा तोकिएको क्यालोरीलाई गुणन गरी दैनिक आवश्यक हुन आउने क्यालोरीको हिसाब गरिएको छ । यसरी उमेर समूहअनुसार हिसाब गरी आएको प्रति घरपरिवारलाई आवश्यक औसत क्यालोरीलाई औसत परिवार संख्याले भाग गर्दा प्रति ब्यक्ति प्रतिदिन २२३६ किलो क्यालोरी पर्ने देखिएको छ । यहाँ प्रति ब्यक्ति प्रतिदिन आवश्यक क्यालोरी गणना गर्दा संयुक्त राष्ट्रसंघको कृषि तथा खाद्य संगठनको सन् २०१२ मा प्रकाशित प्रति ब्यक्ति प्रतिदिन आवश्यक न्युनतम क्यालोरी र नेपाल सरकार कृषि तथा पशुपक्षी विकास मन्त्रालयले सन् २०१७ मा प्रकाशित पुस्तकमा सिफारिस गरिएको क्यालोरीलाई आधार मानिएको छ ।

सर्वेक्षणमा ६ महिना भन्दा कम र ६ महिनादेखि १ वर्षसम्मको उमेर समूहको विवरण प्राप्त हुन नसकेकोले सोही उमेर समूहमा उल्लेख गरिएको आवश्यक क्यालोरी क्रमश: ५०६ र ६०० किलो क्यालोरीको औसत हिसाब गरी १ वर्षभन्दा कम उमेर समूहको लागि आवश्यक क्यालोरी निकालिएको छ । पेशा र भौगोलिक क्षेत्रअनुसार तथा महिलाको गर्भाअवस्था र दुध खुवाउने उमेर समूह जस्ता विवरण उपलब्ध हुन नसकेकोले यस अघिका सर्वेक्षणहरूमा जस्तै वयस्क उमेर समूहको लागि मध्यमस्तरको (Moderate Physical Activities) क्यालोरी प्रयोग गरी गणना गरिएको छ ।

खाद्य डालोको छनोट (Choice of Food Basket): दुई सर्वेक्षण बीचको अवधि लामो भएको र घरपरिवारको उपभोग प्रवृत्तिमा व्यापक परिवर्तन आएकोले तेस्रो सर्वेक्षण २०६६/६७ मा भएका ४० खाद्यवस्तुमा घरपरिवारमा उपभोग गरिएका खाद्यवस्तुमध्ये क्यालोरीमा मापन गर्न सकिने ३७ ओटा थप गरी ७७ ओटा खाद्यवस्तुको डालो निर्माण गरिएको छ ।

सन्दर्भ जनसंख्या समूहको छनोट (Choice of Reference Population): सन्दर्भ समूहमा न त गरिब न त धनी व्यक्तिहरू समावेश गरिएको हुन्छ । सन्दर्भ समूहको उपभोग प्रवृत्ति तुलनात्मक रूपमा गरिब वा गरिबहरूको नजिकको आवश्यकतालाई प्रतिबिम्बित गर्ने किसिमको हुने गर्दछ । उक्त समूहले सामान्यतया गरिबी रेखाको वरिपरि रहेका व्यक्तिहरूको आवश्यकतालाई प्रतिनिधित्व गर्दछ । यसपटकको सर्वेक्षणमा घरपरिवारको खाद्य खर्चमा भएको खर्च विश्लेषण गर्दा यस अघिको सर्वेक्षणमा चौथो दशमकमा भएको घरपरिवारको खर्च हालको पहिलो दशमकमा परेका घरपरिवारसँग बराबर हुन आएको देखिन्छ । घरपरिवारको खर्चमा भएको अत्याधिक बृद्धिले गर्दा उपभोगको प्रवृत्तिमा परिवर्तन आएको अनुमान लगाउन सकिन्छ । यीनै कारणहरुबाट यसपटक दोस्रो र तेस्रो दशमक समूह (Second to Third Decile) लाई सन्दर्भ जनसंख्या समूह मानिएको छ ।

तालिका ५: खाद्य गरिबीको रेखा

	२०६६/६७	२०७९/८०
न्युनतम आवश्यक क्यालोरी	२२२०	२२३६
सापेक्ष जनसंख्या	दोस्रो देखि पाँचौ दशमक सम्मको उपभोग खर्चलाई विश्लेषणात्मक क्षेत्रअनुसार समायोजन गरिएको प्रतिव्यक्ति उपभोग खर्च	दोस्रो र तेस्रो दशमकको उपभोग खर्चलाई विश्लेषणात्मक क्षेत्रअनुसार समायोजन गरिएको प्रतिव्यक्ति उपभोग खर्च
खाद्य डालो (खाद्यवस्तु संख्या)	४०	७७
खाद्य गरिबीको रेखा (२०८०को मूल्यमा)	२६९३६	३५०२९

जीवनस्तर सर्वेक्षण तेस्रोको खाद्य गरिबी रेखालाई सर्वेक्षणबाट प्राप्त मुद्रास्फितीको आधारमा हालको मूल्यमा प्रस्तुत गरिएको।

यस अघिको जीवनस्तर सर्वेक्षण तेस्रोमा ४० ओटा खाद्य वस्तुहरु खाद्य डालोमा समावेश गरिएकोमा हाल उक्त खाद्य वस्तुहरुको संख्या ७७ पुगेको छ। नेपाल जीवनस्तर सर्वेक्षण तेस्रो (२०६६/६७) को खाद्य गरिबीको रेखालाई २०८० को मूल्यमा नयाँ खाद्य गरिबीको रेखा तालिका ५ मा प्रस्तुत गरिएको छ। तेस्रो सर्वेक्षण (२०६६/६७) मा निर्धारित खाद्य गरिबीको रेखा २०८० को मूल्यमा प्रतिव्यक्ति प्रतिवर्ष २६ हजार ९ सय ३६ रुपैयाँ रहेकोमा हालको खाद्य गरिबीको रेखा ३५ हजार २९ रूपैयाँ रहेको छ। यसले तेस्रो सर्वेक्षण (२०६६/६७) मा निर्धारित खाद्य उपभोग खर्चको तुलनामा यस सर्वेक्षणले उच्च खर्च आवश्यक पर्ने देखाएको छ। खाद्य उपभोग खर्चमा भएको बृद्धिसँगै खाद्य उपभोग प्रवृतिमा नयाँ र तुलनात्मकरुपमा महँगा तथा पोषणयुक्त खाद्यवस्तुहरू जस्तै: मासु, फलफूल र सुख्खा फलफूलहरूको उपभोग तर्फ रूपान्तरण भएको देखिन्छ।

गैर खाद्य गरिबीको रेखा

गैर खाद्य गरिबीको रेखा निर्धारणको लागि प्रतिव्यक्ति न्यूनतम गैर-खाद्य आवश्यकतासम्बन्धी कुनै विश्वव्यापीरूपमा सर्वस्वीकार्य मापदण्ड भएको पाईदैंन। अन्तर्राष्ट्रियरूपमा प्रचलनमा रहेका असल अभ्यास र तेस्रो सर्वेक्षण (२०६६/६७) मा अवलम्बन गरिएको खाद्य गरिबी रेखाको नजिक हुने परिवारको प्रतिब्यक्ति गैर खाद्यमा भएको खर्चलाई आधारमानी गैर खाद्य गरिबी रेखा निकालिएको छ। यहाँ प्रस्तुत गरिएको अनुमान खाद्य गरिबी रेखाको नजिक रहेका गैर खाद्य खर्चको ऋणात्मक १ प्रतिशत र धनात्मक १ प्रतिशत, ऋणात्मक २ प्रतिशत र धनात्मक २ प्रतिशत गर्दै ऋणात्मक १० प्रतिशत र धनात्मक १० प्रतिशत गरी प्राप्त भएका १० ओटा गैर खाद्य खर्चको मानको औसत निकाली जम्मा गैरखाद्य गरिबी रेखा प्राप्त गरिएको छ। यसप्रकारका गैर खाद्य गरिबी रेखा पनि प्रत्येक १५ ओटा विश्लेषणात्मक क्षेत्रहरुमा निकालिएको छ। अन्त्यमा, खाद्य गरिबी रेखा र गैर खाद्य गरिबी रेखाको योग निकाली प्रत्येक क्षेत्रको लागि बेग्लाबेग्लै गरिबी रेखाको अनुमान गरिएको छ।

तालिका ६: गैर खाद्य गरिबीको रेखा

	२०६६।६७	२०७९।८०
गैर खाद्य गरिबीको रेखा (२०८०को मूल्यमा)	१५९०९	३७८७९

जीवनस्तर सर्वेक्षण तेस्रोको गैर खाद्य गरिबी रेखालाई नेपाल राष्ट्र बैंकबाट प्राप्त मुद्रास्फिती दर समायोजन गरी हालको मूल्यमा प्रस्तुत गरिएको ।

नेपाल जीवनस्तर सर्वेक्षण तेस्रो (२०६६/६७) को गैर खाद्य गरिबीको रेखालाई २०८० को मूल्यमा र नयाँ गैर खाद्य गरिबीको रेखा तालिका ६ मा प्रस्तुत गरिएको छ । तेस्रो सर्वेक्षणमा निर्धारित गरिबीको रेखा प्रतिव्यक्ति प्रतिवर्ष १५ हजार ९ सय ९ बाट बृद्धि भई ३७ हजार ८ सय ७९ रूपैयाँ पुगेको देखिन्छ ।

तालिका ७: गरिबीको रेखा (२०८० को मूल्यमा)

	२०६६।६७	२०७९।८०
नेपाल	४२८४५	७२९०८
खाद्य गरिबीको रेखा	२६९३६	३५०२९
गैर खाद्य गरिबीको रेखा	१५९०९	३७८७९

जीवनस्तर सर्वेक्षण तेस्रोको खाद्य तथा गैर खाद्य गरिबी रेखालाई हालको मूल्यमा प्रस्तुत गरिएको ।

सर्वेक्षणको समयको प्रचलित मूल्यका आधारमा नेपालका विभिन्न क्षेत्र अनुसार गरिबीका रेखाहरू दुई समूहमा अर्थात् खाद्य तथा गैर खाद्य कायम गरिएका छन् जहाँ गैर खाद्यमा आवास, लत्ताकपडा र शिक्षा लगायतका खर्च समावेश गरिएको छ । खाद्य गरिबी रेखा र गैर खाद्य गरिबी रेखालाई जोडी गरिबीको रेखा निर्धारण गरिएको छ । यस सर्वेक्षणमा गरिबीका रेखाहरु १५ ओटा विश्लेषणात्मक क्षेत्रको आधारमा निकालिएको छ । नेपालको सालाखाला गरिबीको रेखा प्रतिव्यक्ति प्रतिवर्ष ७२ हजार ९ सय ८ रुपैयाँ निर्धारण गरिएको छ भने तेस्रो सर्वेक्षणमा १९ हजार २ सय ६१ रुपैयाँ निर्धारण गरिएको थियो । सर्वेक्षण अन्तराल अवधिको मुद्रास्फीति समायोजन गर्दा २०६६/६७ को गरिबीको रेखा १९,२६१ रुपैयाँ हालको मूल्यमा ४२ हजार ८ सय ४५ बराबर हुन आउँछ ।

तालिका ८ : आधारभूत आवश्यकता लागत र विश्लेषणात्मक क्षेत्रगत मूल्य सूचकांक

विश्लेषणात्मक क्षेत्र	आधारभूत आवश्यकता लागत			क्षेत्रगत मूल्य सूचकांक		
	खाद्य	गैर खाद्य	जम्मा	खाद्य	गैर खाद्य	जम्मा
कोशी प्रदेश शहरी क्षेत्र	३४६१३	३९०१५	७३६२८	०.९९	१.०३	१.०१
कोशी प्रदेश ग्रामीण क्षेत्र	३२३१०	२३०४८	५५३५८	०.९८	०.६१	०.७६
मधेश प्रदेश शहरी क्षेत्र	३०४४०	२२८९४	५३३३५	०.८९	०.६०	०.७३
मधेश प्रदेश ग्रामीण क्षेत्र	२७५३५	१९८०९	४७३४४	०.८५	०.५२	०.६५
काठमाडौँ उपत्यका शहरी क्षेत्र	४२१६०	८७७७४	१२९९३४	१.१२	२.३२	१.७८
बागमती प्रदेश शहरी क्षेत्र (काठमाडौँ उपत्यकाबाहेक)	३९२४८	४३४१३	८२६६२	१.०४	१.१५	१.१३

क्रमशः

विश्लेषणात्मक क्षेत्र	आधारभूत आवश्यकता लागत			क्षेत्रगत मूल्य सूचकांक		
	खाद्य	गैर खाद्य	जम्मा	खाद्य	गैर खाद्य	जम्मा
बागमती प्रदेश ग्रामीण क्षेत्र	३७०५२	२७१२०	६४१७२	१.०५	०.७२	०.८८
गण्डकी प्रदेश शहरी क्षेत्र	४१९५४	५०१४०	९२०९३	१.०९	१.३२	१.२६
गण्डकी प्रदेश ग्रामीण क्षेत्र	४००२८	२४९४८	६४९७६	१.०७	०.६६	०.८९
लुम्बिनी प्रदेश शहरी क्षेत्र	३४४१९	४१०४९	७५४६८	०.९६	१.०८	१.०३
लुम्बिनी प्रदेश ग्रामीण क्षेत्र	३३४१५	२७८८६	६१३०१	०.९३	०.७४	०.८४
कर्णाली प्रदेश शहरी क्षेत्र	३२५६२	२९६३६	६२१९८	१.०२	०.७८	०.८५
कर्णाली प्रदेश ग्रामीण क्षेत्र	३२७३९	२२७६६	५५५०५	१.१०	०.६०	०.७६
सुदूरपश्चिम प्रदेश शहरी क्षेत्र	३१०८८	३६८३६	६७९२४	०.९५	०.९७	०.९३
सुदूरपश्चिम प्रदेश ग्रामीण क्षेत्र	३०४०३	२५७१४	५६११७	१.०१	०.६८	०.७७

यस तालिकामा दिइएका आँकडाहरू मौसम अनुसार मूल्य समायोजन गरिएको।

जीवनयापनका लागि न्यूनतम आवश्यकताको लागत (सर्वेक्षणको समयमा प्रचलित मूल्यलाई क्षेत्रगत आधारमा समायोजित) र क्षेत्रगत मूल्य भिन्नतालाई समायोजन गर्न प्रयोग गरिएका सूचकांकहरु तालिका नं. ८ मा प्रस्तुत गरिएको छ। काठमाण्डौं उपत्यकाका बासिन्दाले अन्य क्षेत्रका बासिन्दाले भन्दा बढी मूल्यमा न्युनतम आवश्यकता (१२९,९३४ रुपैयाँ) पुरा गरिरहेको देखिन्छ भने मधेश ग्रामीण क्षेत्रमा सबैभन्दा कम ४७३४४ रुपैयाँमा न्युनतम आवश्यकता पुरा गरेको देखिन्छ। साथै क्षेत्रगत मूल्य सूचकांक १.७८ (काठमाण्डौं उपत्यका) देखि ०.६५ (मधेश ग्रामीण क्षेत्र) का बीचमा वितरण भएको पाइएको छ।

जीवनस्तर सर्वेक्षण तेस्रो र चौथो बीचमा गरिबीको दरको तुलना

विभिन्न अन्तरालमा घरपरिवारको उपभोगमा आएको परिवर्तन मापन गर्न तथा गरिबी तथ्यांकको तुलना गर्न अवलम्वन गरिएको विधि र अवस्थामा एकरुपता हुन आवश्यक पर्दछ। खास अर्थमा भन्ने हो भने पुरानो र नयाँ गरिबीको दरले फरक फरक समयको विपन्नताको तह (Level of Deprivation) लाई बुझाउँदछ जबकी नयाँ गरिबीको दरले वर्तमान अवस्थाको न्युनतम जीवनस्तरको बारेमा जानकारी गराउँदछ। यसर्थ लामो समयको अन्तरालमा गणना गरिएको गरिबीको रेखाबाट प्राप्त गरिबीका दरहरु सिधारुपमा तुलना गर्न सकिंदैन। सामान्तया: दुवै सर्वेक्षणमा समावेश गरिएका वस्तुहरू र विधिमा एकरुपता भएको अवस्थामा मात्र गरिबीको दरहरुलाई एक आपसमा तुलना गर्न सकिन्छ। यसरी तुलना गरेर हेर्ने हो भने यस अघिको जीवनस्तर सर्वेक्षण तेस्रो देखि हालसम्मको १२ वर्षको अवधिमा गरिबीको दर २५.१६ बाट घटेर ३.५७ प्रतिशतमा आइपुगेको देखिन्छ। दुईओटा सर्वेक्षण बीचको अवधि लामो रहेको, उपभोगको शैली र ढाँचामा परिवर्तन आएको तथा सेवा सुविधामा पहुँचको बिस्तार जस्ता कारणहरुले गर्दा यस अघिको विपन्नताको स्तर र हालको विपन्नताको स्तरलाई सोही वस्तुहरुको उपभोगको आधारमा मात्र तुलना गर्दा वास्तविक अवस्था चित्रण गर्न सकिंदैन।

यसर्थ यसरी तुलना गरी प्राप्त भएको ३.५७ प्रतिशत गरिबीको दरले हालको विपन्नताको अवस्थालाई प्रतिविम्वित गर्न सक्दैन । यसकारण नेपाल जीवनस्तर सर्वेक्षण चौथोका लागि नयाँ गरिबीको रेखा निर्धारण गर्न आवश्यक परेको हो ।

नेपाल जीवनस्तर चौथो (२०७९/८०) मा निर्धारित गरिबीको रेखा र गरिबीको दर

घरपरिवारको उपभोगमा भएको उल्लेख्य सुधार, राजनीतिक र प्रशासनिक क्षेत्रमा भएको परिवर्तन तथा मध्यम आय भएको राष्ट्रमा स्तरोन्नति हुने नेपालको आकांक्षा जस्ता कारणहरुले हाल नयाँ गरिबीको रेखा कायम गरी गरिबी मापन गर्न आवश्यक देखिएको छ । गरिबीको नयाँ आधिकारिक रेखा अनुसार प्रतिवर्ष प्रतिव्यक्ति जम्मा खर्च रु ७२,९०८ भन्दा कम खर्च गर्ने व्यक्तिलाई गरिब अन्तर्गत वर्गिकरण गरिएको छ । गरिबीको नयाँ रेखा अनुसार नेपालमा करीव २०.२७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी रहेको पाइएको छ । गरिबीको दर शहरी क्षेत्र (१८.३४) को तुलनामा ग्रामीण क्षेत्रमा धैरै (२४.६६) रहेको देखिन्छ ।

गरिबीको विशेषता अध्ययन गर्दा गरिबीको विषमता (Poverty Gap) र गरिबीको गहनता (Squared Poverty Gap) समेतको अध्ययन गर्नुपर्दछ । गरिबीको विषमता सूचकले कोही गरिबीको रेखाबाट कति टाढा रहेका छन् भन्ने जानकारी गराउँदछ । गरिबीको विषमता सूचकको मान ० देखि १०० सम्म हुन्छ । यसको मान ० हुनुको अर्थ कोही पनि गरिबीको रेखामुनी नरहेको बुझिन्छ । नेपालको गरिबीको विषमता सूचक ४.५२ प्रतिशत रहेको देखिन्छ । नेपालको ग्रामीण क्षेत्रमा गरिबीको विषमता सूचक ५.६४ र शहरी क्षेत्रमा ४.०३ प्रतिशत रहेको देखिन्छ । गरिबीको विषमता सूचक शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा केहि बढी रहेको देखिन्छ ।

गरिबीमा रहेको जनसंख्या र गरिबीको विषमता सूचकले गरिबहरुबीचमा रहेका असमानताको मापन गर्न सकिँदैन । गहनताको सूचकले गरिबहरुबीचमा रहेको असमानताई जनाउँदछ । गरिबीको विषमताको भारित औसतका आधारमा गरिबी गहनताको मापन गरिन्छ । गरिबीको गहनता शहरी क्षेत्रमा १.२९ र ग्रामीण क्षेत्रमा १.९१ रहेको देखिन्छ ।

गिनी सूचकांकलाई असमानता मापनको लागि प्रयोग गर्ने गरिन्छ । यो सूचकले भौगोलिक र मौषमी प्रभावलाई समायोजन गरिएको प्रतिव्यक्ति उपभोग खर्चमा दुई घरपरिवारबीचमा भएको अन्तरलाई देखाउँछ । गिनी सूचकको मान ० देखि १ सम्म हुन्छ । यसको मान ० भएमा पूर्ण समानता तथा १ भएमा पूर्ण असमानता भएको मानिन्छ । यस सर्वेक्षणमा गिनी सूचकांक ०.३० रहेको छ भने ग्रामीण र शहरी क्षेत्रको मान ०.३०३ र ०.२८७ रहेको देखिन्छ । यसले उपभोगमा ग्रामीण तुलनामा शहरी क्षेत्रको असमानता धैरै भएको देखाउँछ ।

तालिका ९: गरिबीको दर, विषमता, गहनता, गरिबीको फैलावट तथा कुल जनसंख्याको वितरण

	गरिबीको दर	गरिबीको विषमता	गरिबीको गहनता	गिनी सुचकांक	गरिबीको फैलावट	कुल जनसंख्याको वितरण
नेपाल	२०.२७	४.५२	१.४८	०.३००		
शहरी क्षेत्र	१८.३४	४.०३	१.२९	०.३०३	६२.८६	६९.४८
ग्रामीण क्षेत्र	२४.६६	५.६४	१.९१	०.२८७	३७.१४	३०.५२

तालिका ९ मा गरिबीको दर, विषमता, गहनता,गरिबीको फैलावट तथा कुल जनसंख्याको वितरणलाई शहरी क्षेत्र र ग्रामीण क्षेत्रमा विभाजन गरी हेर्दा शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रको गरिबीको दर बढी देखिएको छ । गरिबीको विषमता र गरिबीको गहनता पनि शहरी क्षेत्रको भन्दा ग्रामीण क्षेत्रमा बढी देखिएको छ । तर गिनी सुचकांक ग्रामीण क्षेत्र भन्दा शहरी क्षेत्रमा बढी देखिएको छ । देशको कुल क्षेत्रको वितरणअनुसार शहरी जनसंख्या ६९.४८ प्रतिशत र ग्रामीण जनसंख्या ३०.५२ रहेकोमा जम्मा गरिबीको जनसंख्या मध्ये ६२.८६ प्रतिशत शहरी क्षेत्रमा र ३७.१४ प्रतिशत ग्रामीण क्षेत्रमाहेको पाईएको छ ।

तालिका १०: मौसमअनुसार गरिबीको स्थिति

तथ्याङ्क संकलनको समय	गरिबीको दर	गरिबीको विषमता	गरिबीको गहनता	गरिबीको फैलावट	कुल जनसंख्याको वितरण
सुख्खा मौसम (फागुन-जेठ)	२०.८७	४.३४	१.३५	३४.७२	३३.७२
बर्षा मौसम (असार-असोज)	२२.५०	५.३३	१.८०	३५.७८	३२.२२
हिउँद मौसम (कार्तिक-माघ)	१७.५६	३.९४	१.२९	२९.५०	३४.०४

तालिका १० मा गरिबीलाई स्थलगत तथ्याङ्क संकलनको मौसमअनुसार प्रस्तुत गरिएको छ । सबैभन्दा बढी गरिबीको दर बर्षा मौसममा २२.५० प्रतिशत र सबैभन्दा कम हिउँद मौसममा गरिबीको दर १७.५६ प्रतिशत रहेको छ । सुख्खा मौसममा गरिबीको दर राष्ट्रिय औसतको नजिक करिब २०.८७ प्रतिशत रहेको देखिन्छ ।

तालिका ११: प्रदेश अनुसारका गरिबीको स्थिति

प्रदेश	गरिबीको दर	गरिबीको विषमता	गरिबीको गहनता	गरिबीको फैलावट	कुल जनसंख्याको वितरण
कोशी प्रदेश	१७.१९	३.८४	१.२५	१३.८०	१६.२६
मधेश प्रदेश	२२.५३	४.६२	१.३६	२५.०८	२२.५६
बागमती प्रदेश	१२.५९	२.६४	०.८९	१२.६८	२०.४२
गण्डकी प्रदेश	११.८८	२.३३	०.७१	४.८८	८.३४
लुम्बिनी प्रदेश	२४.३५	५.८०	१.९९	२२.७६	१८.९६
कर्णाली प्रदेश	२६.६९	६.२५	२.१६	६.७४	५.१२
सुदूरपश्चिम प्रदेश	३४.१६	८.४१	२.८७	१४.०२	८.३२

सात प्रदेश र १५ ओटा विश्लेषणात्मक क्षेत्रहरूमा गरिबीको अवस्थामा उल्लेख्य मात्रामा भिन्नता रहेको देखिन्छ । सात प्रदेशमध्ये मधेश, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा गरिबी दर नेपालको गरिबीको दर भन्दा बढी देखिन्छ । गरिबीको दर सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी ३४.१६ प्रतिशत रहेको देखिन्छ । यस्तो दर कर्णाली प्रदेशमा २६.६९ प्रतिशत, लुम्बिनी प्रदेशमा २४.३५ प्रतिशत र मधेश प्रदेशमा २२.५३ प्रतिशत रहेको देखिन्छ । तर गण्डकी, बागमती र

कोशी प्रदेशको गरिबीको दर क्रमशः ११.८८, १२.५९ र १७.१९ प्रतिशत रहेको छ जुन नेपालको गरिबीको दरभन्दा कम रहेको छ । सुदुरपश्चिम प्रदेशमा गरिबीको विषमता सबैभन्दा बढी ८.४१ प्रतिशत र सबैभन्दा कम गण्डकी प्रदेशमा २.३३ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी, गरिबीको गहनता क्रमश: सुदुरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशमा सबैभन्दा बढी रहेको देखिन्छ ।

तालिका १२: विश्लेषणका क्षेत्र अनुसारका गरिबीको स्थिति

विश्लेषणात्मक क्षेत्र	गरिबीको दर	गरिबीको विषमता	गरिबीको गहनता	गरिबीको फैलावट	कुल जनसंख्याको वितरण
कोशी प्रदेश शहरी क्षेत्र	१५.९०	३.३९	१.०३	८.३८	१०.६८
कोशी प्रदेश ग्रामीण क्षेत्र	१९.६७	४.७२	१.६६	५.४२	५.६०
मधेश प्रदेश शहरी क्षेत्र	२१.७१	४.३०	१.२१	१८.०२	१६.८४
मधेश प्रदेश ग्रामीण क्षेत्र	२४.९६	५.५४	१.८०	७.०६	५.७४
काठमाडौँ उपत्यका शहरी क्षेत्र	७.३८	१.१७	०.३०	३.९२	१०.७६
बागमती प्रदेश शहरी क्षेत्र (काठमाडौँ उपत्यकाबाहेक)	१४.१५	२.९०	०.९९	४.२६	६.१०
बागमती प्रदेश ग्रामीण क्षेत्र	२५.६१	६.६४	२.४९	४.५२	३.५८
गण्डकी प्रदेश शहरी क्षेत्र	१२.६३	२.६१	०.८५	३.५६	५.७०
गण्डकी प्रदेश ग्रामीण क्षेत्र	१०.२७	१.७२	०.४१	१.३४	२.६४
लुम्बिनी प्रदेश शहरी क्षेत्र	२४.०८	६.३१	२.२७	१३.३६	११.२४
लुम्बिनी प्रदेश ग्रामीण क्षेत्र	२४.७३	५.०६	१.५७	९.४०	७.७०
कर्णाली प्रदेश शहरी क्षेत्र	२३.१६	४.९९	१.६५	३.१६	२.७८
कर्णाली प्रदेश ग्रामीण क्षेत्र	३०.८६	७.७३	२.७६	३.५८	२.३६
सुदूरपश्चिम प्रदेश शहरी क्षेत्र	३०.८६	७.६७	२.५७	८.२०	५.३८
सुदूरपश्चिम प्रदेश ग्रामीण क्षेत्र	४०.२१	९.७७	३.४२	५.८२	२.९४

राज्यको पूर्नसंरचना पश्चात प्रदेशको ग्रामीण र शहरी क्षेत्र अनुसार गरिबीको दर प्राप्त हुन सक्ने गरी सर्वेक्षण संचालन गरिएकोमा सबैभन्दा बढी गरिबीको दर सुदुरपश्चिम प्रदेश ग्रामीण क्षेत्रमा ४०.२१ प्रतिशत रहेको पाईएको छ । यसैगरी सुदुरपश्चिम प्रदेश शहरी र कर्णाली प्रदेश ग्रामीण क्षेत्रमा समान ३०.८६ प्रतिशत, बागमती प्रदेश ग्रामीण क्षेत्रमा २५.६१ प्रतिशत, मधेश प्रदेश ग्रामीण क्षेत्रमा २४.९६ प्रतिशत र लुम्बिनी प्रदेश ग्रामीण क्षेत्रमा २४.७३ प्रतिशत रहेको छ । कोशी प्रदेश र गण्डकी प्रदेशको शहरी तथा ग्रामीण क्षेत्र, काठमाण्डौं उपत्यका शहरी क्षेत्र र बागमती प्रदेशको शहरी क्षेत्र (काठमाण्डौं उपत्यका बाहेक) मा राष्ट्रियरुपमा रहेका गरिबीको दर २०.२७ भन्दा कम रहेको पाईएको छ । गण्डकी प्रदेशको शहरी क्षेत्रको गरिबीको दर १२.६३ प्रतिशत रहेको छ जुन दर सोही प्रदेशको ग्रामीण क्षेत्र (१०.२७) भन्दा करिव २

प्रतिशत बिन्दुले बढी रहेको पाईएको छ। लुम्बिनी प्रदेशमा भने शहरी तथा ग्रामीण क्षेत्रमा गरिबीको दर करिव समान रहेको पाईएको छ।

प्रदेश अनुसार सबैभन्दा बढी जनसंख्याको हिस्सा करिव १६.८४ प्रतिशत मधेश प्रदेशको शहरी क्षेत्रमा रहेकोमा जम्मा गरिबीमा रहेको जनसंख्या मध्ये सबैभन्दा बढी करिव १८.०२ प्रतिशत मधेश प्रदेशको शहरी क्षेत्रमा रहेको पाईएको छ। जम्मा गरिबीमा रहेको जनसंख्या मध्ये सबैभन्दा कम १.३४ प्रतिशत गण्डकी प्रदेशको ग्रामीण क्षेत्रमा रहेको पाईएको छ।

तालिका १३: गरिबी र घरपरिवारको जनसांख्यिक अवस्था

	गरिबीको दर	गरिबीको विषमता	गरिबीको गहनता	गरिबीको फैलावट	कुल जनसंख्याको वितरण
घरपरिवारको सदस्य संख्या					
१	४.२७	०.७२	०.२२	०.३२	१.५६
२	८.४४	१.६७	०.५०	३.४२	८.२०
३	१०.५४	२.१८	०.६६	८.२६	१५.९०
४	१७.७९	३.५४	१.१४	१९.२४	२१.९२
५	२२.०२	४.७१	१.५०	२१.५०	१९.८०
६	२८.५९	७.०६	२.४१	१९.४८	१३.८२
७ वा सोभन्दा माथि	२९.९२	७.१३	२.३८	२७.७६	१८.८०
० देखि ६ वर्षसम्मका बालबालिकाको संख्या					
०	१३.९८	२.७२	०.८०	३६.८८	५३.४६
१	२२.१६	५.११	१.७३	३१.६०	२८.९२
२	३६.७७	८.७४	२.८९	२४.६०	१३.५६
३ वा सोभन्दा माथि	३४.४३	९.९८	३.८५	६.९२	४.०६

तालिका १३ मा घरपरिवारको आकारअनुसारको गरिबीको दर, विषमता र गहनता सम्बन्धी विवरण प्रस्तुत गरिएको छ। जसअनुसार एक जनामात्र सदस्य भएको घरपरिवारको गरिबीको दर ४.२७ प्रतिशत छ भने १ जना थप हुनेवित्तिकै गरिबीको दर बढेर ८.४४ प्रतिशत हुने देखिएको छ। त्यसैगरी, सातजना वा सोभन्दा बढी सदस्य भएको घरपरिवारको गरिबीको दर २९.९२ प्रतिशत देखिएको छ। यसैगरी, सातजना वा सोभन्दा बढी सदस्य भएको घरपरिवारको गरिबीको विषमता ७.१३ प्रतिशत देखिन्छ। घरपरिवारको आकारको बृद्धिअनुसार नै यसको गहनता पनि २.३८ प्रतिशतसम्म रहेको देखिन्छ।

तालिका १४: घरपरिवारमूलीको उमेर तथा लिङ्गअनुसार गरिबी

घरपरिवारमूलीको	गरिबको दर	गरिबीको विषमता	गरिबीको गहनता	गरिबीको फैलावट	कुल जनसंख्याको वितरण
लिङ्ग					
पुरुष	२०.२७	४.४८	१.४६	६७.४४	६७.४६
महिला	२०.२८	४.६०	१.५२	३२.५६	३२.५४
उमेर समूह					
पुरुष, २५ वर्ष वा सोभन्दा कम	२८.९६	६.५४	२.२४	३.८२	२.६८
पुरुष, (२६, ४५) वर्ष	२३.४५	५.२४	१.७०	३३.७०	२९.१४
पुरुष, ४६+ वर्ष	१७.०२	३.७१	१.२०	२९.९२	३५.६४
महिला, २५ वर्ष वा सोभन्दा कम	२१.५८	४.८१	१.४८	३.१४	२.९६
महिला, (२६, ४५) वर्ष	१९.७५	४.४८	१.५१	१८.९०	१९.४०
महिला, ४६+ वर्ष	२०.९०	४.७६	१.५३	१०.५०	१०.१८

घरपरिवारमूलीको लिङ्गको आधारमा गरिबीको दर समान रहेको पाइएको छ । गरिबीदर परिवारमूली पुरुष भएको परिवारमा २०.२७ प्रतिशत र महिला भएकोमा २०.२८ प्रतिशत रहेको देखिन्छ । तर गरिबीको विषमता र गहनता पुरुष परिवारमूलीको तुलनामा महिला परिवारमूलीमा केही बढी पाइएको छ । गरिबीको विषमता र गहनता महिला परिवारमूली भएका परिवारको क्रमशः ४.६० र १.५२ प्रतिशत र पुरुष परिवारमूली भएका परिवारको गरिबीको विषमता र गहनता क्रमशः ४.४८ र १.४६ प्रतिशत पाइएको छ ।

पुरुष परिवारमूलीको उमेर २५ वर्ष वा सोभन्दा कम भएको अवस्थामा गरिबीको दर सबैभन्दा बढी २८.९६ प्रतिशत, २६ देखि ४५ उमेर समूहमा २३.४५ र ४६ बर्ष वा सोभन्दा बढी उमेरको सबैभन्दा कम १७.०२ प्रतिशत रहेको छ । यसैगरी, महिला परिवारमूलीको हकमा उमेर २५ वर्ष वा सोभन्दा कम भएको अवस्थामा गरिबीको दर सबैभन्दा बढी २१.५८ प्रतिशत, २६ देखि ४५ उमेर समूहमा १९.७५ र ४६ बर्ष वा सोभन्दा बढी उमेर समूहको २०.९० प्रतिशत रहेको छ । जम्मा जनसंख्यामा सबैभन्दा थोरै २.६८ प्रतिशत हिस्सा भएका २५ बर्ष वा सो भन्दा कम उमेर समूहको पुरुष घरपरिवारमूली भएका परिवारको गरिबीदर सबैभन्दा बढी २८.९६ प्रतिशत छ ।

तालिका १५: घरपरिवारमूलीको शैक्षिकस्तर र गरिबी

घरपरिवारमूलीको शिक्षा	गरिबीको दर	गरिबीको विषमता	गरिबीको गहनता	गरिबीको फैलावट	कुल जनसंख्याको वितरण
निरक्षर	३२.३२	७.८९	२.७१	५०.६	३१.७४
आधारभूत तह पास नगरेको	२०.६५	४.२४	१.३४	२९.६	२९.०६
आधारभूत तह पास गरेको	१३.७९	३.१०	०.९७	४.९८	७.३०
माध्यामिक तह पास नगरेको	१२.६५	२.३५	०.६३	१२.२८	१९.६८
माध्यामिक तह पास गरेको	७.०८	१.३६	०.४२	२.४२	६.९६
स्नातक तह वा सोभन्दा बढी पढेको	०.४४	०.०३	०.००	०.१२	५.२६

परिवारमुलीको शिक्षाको स्तर र गरिबीलाई अध्ययन गर्दा हासिल गरेको शिक्षाको स्तर जती बढ्दै गयो गरिबी पनि घट्दै गएको पाईएको छ । पविारमुली निरक्षर भएकाहरुको गरिबीको दर ३२.३२ प्रतिशत छ भने स्नातक वा सो भन्दा माथी उर्तीण गरेकाहरुको गरिबीको दर ०.४४ प्रतिशत रहेको पाईएको छ । यसैगरी माथिल्लो शैक्षिक योग्यता भएका परिवारमुली हुँदै जाँदा गरिबीको बिषमता, गरिबीको गहनता र गरिबीको जनसंख्याको प्रतिशत पनि घट्दै गएको पाईएको छ ।

तालिका १६: परिवारमूलीको मुख्य पेशाअनुसार गरिबी

घरपरिवारमूली मुख्य पेशा	गरिबीको दर	गरिबीको विषमता	गरिबीको गहनता	गरिबीको फैलावट	कुल जनसंख्याको वितरण
स्वरोजगार, कृषि क्षेत्र	१०.२३	२.२३	०.७१	०.५६	१.१०
स्वरोजगार, उत्पादनको क्षेत्र	१३.१४	२.३६	०.७०	२.३४	३.६२
स्वरोजगार, सेवा क्षेत्र	७.२६	१.५८	०.४४	३.६०	१०.०८
तलब ज्याला, कृषि क्षेत्र	३७.८१	९.३९	३.३७	८.४८	४.५६
तलब ज्याला, उत्पादनको क्षेत्र	२८.१२	६.१०	२.०३	१९.२६	१३.९०
तलब ज्याला, सेवा क्षेत्र	१३.९८	२.८४	०.८३	८.१४	११.८२
बेरोजगार	२४.७३	५.२९	१.६२	५.९८	४.९०
निष्कृय	२०.९६	४.७९	१.५८	५१.६६	५०.०२

घरपरिवारका मूलीहरुलाई उनीहरुको मुख्य पेशा-व्यवसायको आधारमा वर्गिकरण गरी त्यस्ता परिवारहरुमा गरिबीको स्थिति तालिका नं. १६ मा प्रस्तुत गरिएको छ । कृषि क्षेत्र भन्दा सेवा क्षेत्रमा काम गर्ने मूली भएका परिवार कम गरिब देखिएको छ ।त्यस्तै स्वरोजगारीमा रहेका परिवारमूली भएका परिवारहरु तलब ज्याला लिई काम गर्ने परिवारमूली भएका परिवारहरु तुलनात्मक रुपमा थोरै मात्र गरिब देखिएको छ। कृषि क्षेत्रमा तलबज्याला लिई काम गर्ने परिवारमूली भएका परिवारहरु सबैभन्दा गरिब (३७.८१ प्रतिशत) र सेवा क्षेत्रमा स्वरोजगारीमा रहेका परिवारमूली भएका परिवारहरु सबैभन्दा कम गरिब देखिएको (७.२६ प्रतिशत) देखिएको छ । छानिएका मध्ये आधा परिवारका मूलीहरु श्रम बजारमा निष्कृय रहेको देखिन्छ । यस्ता परिवारहरुमा २०.९६ प्रतिशत गरिब रहेको पाइएको छ तापनि यो गरिबी परिवारमूली नै बेरोजगार रहेको परिवारहरु, उत्पादनको क्षेत्रमा तलब ज्याला लिने गरी काम गर्ने परिवारमूली भएको परिवारहरु र कृषि क्षेत्रमा तलबज्याला लिई काम गर्ने परिवारमूली भएका परिवारहरुको गरिबीको दर भन्दा कम नै रहेको छ ।

तालिका १७: गरिबी र जग्गाको स्वामित्व

जग्गाको स्वामित्व	गरिबीको दर	गरिबीको विषमता	गरिबीको गहनता	गरिबीमा रहेको जनसंख्या (प्रतिशतमा)	जम्मा जनसंख्या (प्रतिशतमा)
नेपाल					
जग्गाको स्वामित्व नभएको	२०.१५	४.६३	१.४९	३४.३४	३४.५६
०.२ हेक्टर भन्दा कम	२३.३२	५.२२	१.७६	२२.६२	१९.६६
०.२ हेक्टर देखी १ हेक्टर सम्म	२०.३६	४.२७	१.३७	३५.१६	३४.९८
१ हेक्टर देखि २ हेक्टर सम्म	१६.१४	४.२५	१.५१	६.१८	७.७६
२ हेक्टर भन्दा माथि	११.३८	२.२०	०.६५	१.७०	३.०४
ग्रामीण क्षेत्र					
जग्गा स्वामित्व नभएको	३३.४१	८.८२	३.२८	२२.५४	१६.६२
०.२ हेक्टर भन्दा कम	२७.१३	६.५६	२.२३	२२.३४	२०.३०
०.२ हेक्टर देखी १ हेक्टर सम्म	२३.४८	४.९७	१.६१	४६.३	४८.६२
१ हेक्टर देखि २ हेक्टर सम्म	१६.८८	३.२३	०.९५	७.३६	१०.७४
२ हेक्टर भन्दा माथि	९.९१	२.११	०.५३	१.५०	३.७०
शहरी क्षेत्र					
जग्गा स्वामित्व नभएको	१७.८६	३.९१	१.१९	४१.३२	४२.४२
०.२ हेक्टर भन्दा कम	२१.५७	४.६०	१.५४	२२.७८	१९.३८
०.२ हेक्टर देखी १ हेक्टर सम्म	१८.०७	३.७६	१.१९	२८.५६	२९.००
१ हेक्टर देखि २ हेक्टर सम्म	१५.६१	४.९९	१.९२	५.४८	६.४४
२ हेक्टर भन्दा माथि	१२.२५	२.२५	०.७१	१.८४	२.७६

घरपरिवारको स्वामित्वमा रहेको जग्गाको क्षेत्रफल बढ्दै जाँदा गरिबीको दर पनि क्रमशः घट्दै गएको पाईएको छ। ०.२ हेक्टर भन्दा कम क्षेत्रफल जगा भएका घरपरिवारको गरिबीको दर २३.३२ रहेको छ भने २ हेक्टर भन्दा बढी जग्गाको स्वामित्व भएका घरपरिवारको गरिबीको दर ०.२ हेक्टर भन्दा कम जग्गा हुने घरपरिवारको तुलनामा आधा भन्दा कम अर्थात ११.३८ रहेको छ। नेपालमा जग्गाको स्वामित्व नभएका घरपरिवारको गरिबीको दर २०.१५ रहेको छ भने उक्त दर ग्रामीण क्षेत्रमा ३३.४१ र शहरी क्षेत्रमा १७.८६ रहेको पाईएको छ। ०.२ हेक्टर भन्दा कम क्षेत्रफल जग्गा भएका घरपरिवारको गरिबीको दरलाई शहरी र ग्रामीण क्षेत्र अनुसार विभाजन गरी हेर्दा जग्गाको स्वामित्व बढ्दै जाँदा गरिबीको दरहरु घट्दै गएको पाईएको छ तर घट्ने गरिबीको दर ग्रामीण क्षेत्रमा बढी भै २ हेक्टर भन्दा बढी जग्गाको स्वामित्व भएका घरपरिवारको गरिबीको दर शहरमा १२.२५ रहेकोमा ग्रामीण क्षेत्रमा ९.९१ रहेको पाईएको छ।

तालिका १८: सुविधामा पँहुच तथा गरिबीको अवस्था

सुविधको प्रकार	गरिबी रेखामुनीको जनसंख्या	गरिबीको विषमता	गरिबीको गहनता	गरिबीको फैलावट	कुल जनसंख्याको वितरण
३० मिनेटभन्दा कम समय लाग्ने घरपरिवार					
बाल विकास केन्द्र	१९.८३	४.४२	१.४४	९४.०६	९६.१६
आधारभूत विद्यालय (कक्षा १ देखि ८ सम्म)	१८.९२	४.१९	१.३५	८५.१६	९१.२२
माध्यमिक विद्यालय (कक्षा १२ सम्म)	१६.९१	३.७२	१.२०	६७.२२	८०.५८
सरकारी अस्पताल	१२.५९	२.८०	०.८८	२९.१४	४६.९२
मूल बजार	१४.९४	३.२९	१.०७	५३.६६	७२.८२
बैंक/वित्तीय संस्था	१५.५१	३.३६	१.०६	५७.४२	७५.०२
प्रहरी चौकी	१६.८७	३.६९	१.१८	६५.१२	७८.२६
वडा कार्यालय	१८.२६	४.०२	१.२९	७५.९०	८४.२६
३० मिनेटभन्दा बढी समय लाग्ने घरपरिवार					
बाल विकास केन्द्र	३१.३३	६.९३	२.३९	५.९४	३.८४
आधारभूत विद्यालय (कक्षा १ देखि ८ सम्म)	३४.२५	७.९३	२.७५	१४.८४	८.७८
माध्यमिक विद्यालय (कक्षा १२ सम्म)	३४.२३	७.८४	२.६१	३२.७८	१९.४२
सरकारी अस्पताल	२७.०६	६.०४	२.००	७०.८६	५३.०८
मूल बजार	३४.५५	७.८१	२.५६	४६.३४	२७.१८
बैंक/वित्तीय संस्था	३४.५६	८.००	२.७३	४२.५८	२४.९८
प्रहरी चौकी	३२.५१	७.५२	२.५४	३४.८८	२१.७४
वडा कार्यालय	३१.०५	७.२२	२.४९	२४.१	१५.७४

गरिबीको अवस्था र घरपरिवारको सुविधामा रहेको पहुँच बीच सहसम्बन्ध रहेको देखिन्छ । घरपरिवारमा सुविधाको पहुँचभन्दा जति टाढा रहेको छ, गरिबीको दर कम्तिमा पनि १.५ गुणाले बढ्दै गएको देखिन्छ । ३० मिनेटभित्र सार्वजनिक सेवाका सुविधामा पहुँच र गरिबीको अवस्थालाई हेर्दा, उक्त समयमा नजिकको सुविधामा पहुँच हुने घरपरिवार औसत गरिबीभन्दा कम रहेको सर्वेक्षणले देखाएको छ (तालिका १८) । सर्वेक्षणले बाल विकास केन्द्र, आधारभूत विद्यालय (कक्षा १ देखि कक्षा ८ सम्म), माध्यमिक विद्यालय, सरकारी अस्पताल, मूल बजार, बैंक/वित्तीय संस्था जस्ता सुविधामा पहुँच भएका घरपरिवारहरुको गरिबीमा निकै सुधार भएको देखिएको छ ।

अनुसूची:

अनुसूची १: गरिबीको दर, पहिलो सर्वेक्षण २०५२/५३ देखि चौथो सर्वेक्षण २०७९/८० सम्म

	गरिबीको दर			
	२०५२/५३	**२०६०/६१**	**२०६६/६७**	**२०७९/८०**
नेपाल	४१.७६	३०.८५	२५.१६	२०.२७
शहरी क्षेत्र	२१.५५	९.५५	१५.४६	१८.३४
ग्रामीण क्षेत्र	४३.२७	३४.६२	२७.४३	२४.६६

यहाँ प्रस्तुत गरिएको २०५२/५३ र २०६०/६१ का आँकाडाहरू २०५२/५३ को गरिबी रेखामा आधारित छन् । २०६६/६७ र २०७९/८० का आँकाडाहरू नयाँ गरिबीको रेखामा आधारित छन् ।

अनुसूची २: गरिबीको विषमता, २०५२/५३ देखि २०७९/८० सम्म

	गरिबीको विषमता			
	२०५२/५३	**२०६०/६१**	**२०६६/६७**	**२०७९/८०**
नेपाल	११.७५	७.५५	५.४३	४.५२
शहरी क्षेत्र	६.५४	२.१८	३.१९	४.०३
ग्रामीण क्षेत्र	१२.१४	८.५०	५.९६	५.६४

यहाँ प्रस्तुत गरिएको २०५२/५३ र २०६०/६१ का आँकाडाहरू २०५२/५३ को गरिबी रेखामा आधारित छन् । २०६६/६७ र २०७९/८० का आँकाडाहरू नयाँ गरिबीको रेखामा आधारित छन् ।

अनुसूची ३: गरिबीको गहनता, २०५२/५३ देखि २०७९/८० सम्म

	गरिबीको गहनता			
	२०५२/५३	**२०६०/६१**	**२०६६/६७**	**२०७९/८०**
नेपाल	४.६७	२.७०	१.८१	१.४८
शहरी क्षेत्र	२.६५	०.७१	१.०१	१.२९
ग्रामीण क्षेत्र	४.८३	३.०५	२.००	१.९१

यहाँ प्रस्तुत गरिएको २०५२/५३ र २०६०/६१ का आँकाडाहरू २०५२/५३ को गरिबी रेखामा आधारित छन् । २०६६/६७ र २०७९/८० का आँकाडाहरू नयाँ गरिबीको रेखामा आधारित छन् ।

अनुसूची ४: गिनी सूचकांक, २०५२/५३ देखि २०७९/८० सम्म

	गिनी सूचकांक		
	नेपाल	**शहरी**	**ग्रामीण**
पहिलो सर्वेक्षण (वि.सं. २०५२/५३)	३२.२	४२.७	३०.८
दोस्रो सर्वेक्षण (वि.सं. २०६०/६१)	४१.४	४३.६	३४.९
तेस्रो सर्वेक्षण (वि.सं. २०६६/६७)	३२.८	३५.३	३१.१
चौथो सर्वेक्षण (वि.सं. २०७९/८०)	३०.०	३०.३	२८.७

यहाँ प्रस्तुत गरिएको २०५२/५३ र २०६०/६१ का आँकाडाहरू २०५२/५३ को गरिबी रेखामा आधारित छन् । २०६६/६७ र २०७९/८० का आँकाडाहरू नयाँ गरिबीको रेखामा आधारित छन् ।

Persons who contributed in the preparation of this report

1.	Dr. Ram Kumar Phuyal	Member (NPC)
2.	Mr. Toyam Raya	Chief Statistician
3.	Dr. Hem Raj Regmi	Deputy Chief Statistician
4.	Mr Tirtha Raj Chaulagain	Director
5.	Mr Devendra Lal Karanjit	Director
6.	Mr. Prithvi Vijaya Raj Sijapati	Statistics Officer
7.	Mr. Kishor K.C.	Statistics Officer
8.	Mr. Ana Raj Tiwari	Statistics Officer
9.	Dr. Pushpa Raj Poudel	Computer Officer
10.	Mr. Balaram Dulal	Statistics Assistant
	World Bank	
	Ms. Nethra Palaniswamy	Senior Economist

Nepal Living Standards Survey IV, Steering Committee

Honorable Member, National Planning Commission	Chairperson
Chief Statistician, National Statistics Office	Member
Joint Secretary, National Planning Commission	Member
Joint Secretary, Ministry of Finance	Member
Joint Secretary, Ministry of Land Management, Cooperatives and Poverty Alleviation	Member
Joint Secretary, Ministry of Women, Children and Senior Citizens	Member
Deputy Chief Statistician, National Account Statistics Division, (NSO)	Member
Deputy Chief Statistician, Economic Statistics Division, (NSO)	Member
Deputy Chief Statistician, Planning & Human Resource Management Division, (NSO)	Member
Executive Director, Research Division, Nepal Rastra Bank	Member
Head, Central Department of Statistics, Tribhuvan University	Member
Head, Central Department of Economics, Tribhuvan University	Member
Deputy Chief Statistician, Social Statistics Division, (NSO)	Member Secretary

Nepal Living Standards Survey IV, Technical Committee

Deputy Chief Statistician, Social Statistics Division, (NSO)	Chairperson
Deputy Chief Statistician, National Account Division, (NSO)	Member
Deputy Chief Statistician, Economic Statistics Division, (NSO)	Member
Deputy Chief Statistician, Planning & Human Resource Management Division, (NSO)	Member
Director, National Account Section, (NSO)	Member
Director, Planning Section, (NSO)	Member
Director, Agriculture and Forestry Statistics Section, (NSO)	Member
Director, Gender & Social Statistics Section, (NSO)	Member
Director, Population Section, (NSO)	Member
Director, GIS Section, (NSO)	Member
Under Secretary, Ministry of Finance, (NSO)	Member
Director, Research Division, Nepal Rastra Bank	Member
Program Director, National Planning Commission	Member
Officers, Household Survey Section, (NSO)	Member
Director, Household Survey Section, (NSO)	Member Secretary